सधैंया लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

**बितरक चाहियो**

त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ९ राटमाटे, वडा नम्बर १० बोक्स,करगाछी र नयाँबस्ती क्षेत्रमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो । सम्पर्क - ९८४२९८५१८८

■ बर्ष-१५, ▸▸ अंक ३२६ ▸▸ असार १ मंगलबार,२०७८, June – 15 Tuesday ,2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com



## त्रियुगा नगरपालिकाले

# सोलार बत्ती देख्नै

❖ बुद्धि कुमार राई

*त्रियुगा, जेठ ३१*

गाईघाट बजारमा अस्तबयस्त रुपमा रहेको सोलार बत्तीको बारेमा मुलुकी दैनिकले पटक - पटक समाचार लेख्दा पनि त्रियुगा नगरपालिका कानमा तेल हालेर बसेको छ ।

त्रियुगा नगरपालिकाले सडकबत्ती मर्मतसम्भार कामको लागि ७ जना कर्मचारी नियुक्त गरेको छ । सडक बत्ती मर्मत सम्भारको लागि नै भनेर नगरपालिकाले प्रकाश रेग्मी, गोपाल चौधरी, कैलाश राई, घनश्याम चौधरी, महेश चौधरी, बिष्णुदेब चौधरी, र रञ्जित चौधरीलाई नियुक्ति गरेको छ ।


त्रियुगा नगरपालिकाको वडा नम्बर ११ गाईघाट बजार, वडा नम्बर १२ पुरानो गाईघाट, वडा नम्बर १३ पुरानो गाईघाट असारी, वडा नम्बर ३ मोतिगडामा ३० वटा सडकको सोलार बत्ती बिग्रेको छ । बिग्रेको सडक बत्ती नगरपालिकाका कर्मचारीले आफैंले खोजेर बनाउँनु पर्ने हो । तर पटक पटक समाचार लेख्दा समेत नगरपालिकाका कर्मचारीहरुले सडक बत्ती बनाएको छैन् ।

त्रियुगा नगरपालिकाको कार्यालय अगाडी रहेको सोलारको प्यानल हराएको अबस्थामा छ । पुरानो गाईघाट त्रिवेणी चोकको सोलार बत्ती हावाले उडाएर बेपत्ता बनाएको छ । ति बाहेक नगरपालिका भरी सडक सोलारबत्तीहरु अस्तब्यस्त रुपमा बिग्रेको अबस्थामा छ ।

नगरपालिकाभित्र बिग्रर रहेको सोलार बत्तीहरु कहिले बनाउने हो अझै पत्तो भएको छैन । सोलार बिग्रेर बत्ती बल्न छोडेपछि स्थानीयले सुचना दिदाँ नगरपालिकाले वेवास्ता गर्ने गरेको छ ।




**सगरमाथा डिपाटमेन्ट स्टोर गाईघाट, उदयपुर**




**नारायणी ग्याँस गाईघाट,डिलर, उदयपुर**






**नारायणी ग्याँस**

**गाईघाट,डिलर, उदयपुर**


बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पुर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

# गाईघाट बजारको मुख्य चोकमा के बनाउने ?

**बिक्रम श्री**

कलाकार मुर्तिकार आफ्नो पूर्व मेयर लालशेर राइज्यू , त्रियुगा नगरपालिकाका अधिकृतज्यू र पत्रकार महासंघका पदाधिकारी साथिहरु सहित सघन छलफल गरि घण्टाघर सहितको त्रियुगा सभ्यता झल्कने मोनुमेन्ट गाइघाट चौकमा राख्ने सल्लाह भएको थियो । टप मा लाइट टावर र कलम (सोलार रङ्गीन बत्ति जो त्रियुगाको हरेक स्थानबाट देखिने) तल्लो भाग सडकको निति नियम अनुसार यातायात आवागमनमा नछेलिने गरी मध्य खालि भागमा गाई गोरु र बाछाबाछीले पानी पिउदै गरेको प्रतिमा राख्ने भनेर मैले रेखान्कन सहितको योजना पत्रकार महासंघका तत्कालीन अध्यक्ष महेश्वर चालङ राई लाई हस्तान्तरण गरेको थिए । तलको डिजाइन सोही रेखांकन अनुसारको हो (गाइको प्रतिमाको स्वरुप उल्लेख गरिएको छैन । )

मलाइ नै गराउनु भन्ने त होइन तर कलात्मक डिजाइनको सृजना प्राबिधिक साथी भन्दा कलाकारले गरुन । - प्यारो उदयपुर उदयपुर सुन्दर होस ।





Tej Bikram Malla

त्योखर्च गर्न जरुरी छैन बरु अक्सिजन प्लान्टलाई दिउ त्यो खर्च राम्रो काम हुन्छ ।स्वाड पार्न जरुरी छैन ।गरिब किसानहरुलाई स्थानिय जुरेगाई गोरु किनेर गाइको दिउँ गो संरक्षण यसरी हुन्छ । गहुँतको प्रयोग गरौ। प्रयोग गर्ने तरिका नजान्ने गाई पाल्नेहरुले म सग सम्पर्क पनि गर्नु होला । 9743009693

4h Like Reply

Bodh Kumar Ghimirey

वाहियात खर्च ! बिच सडकमा दुर्घटना निम्त्याउन ! ट्राफिक प्रहरिलाइ सिठ्ठी फुक्दाको जास्ती !

**महेश्वर चामलिङ राई**
पूर्व अध्यक्ष
नेपाल पत्रकार महासंघ उदयपुर

०६४ मा म नेपाल पत्रकार महासंघको अध्यक्ष भएलगत्तै उदयपुरमा बसोबासको बाहुल्यता र गाईघाटको परिचय झल्कने गरी बहुपहिचानयुक्त स्तम्भ निर्माण गर्ने सोँचले नगरपालिकासँग विषय उठान गरेँ ।

निवार्चित जनप्रतिनिधिविहीन स्थानीय निकायमा टीके (मनोनित) मेयर उपमेयरबाट काम चल्दै गरेको बेला म, इटहरीका मुर्तिकार विक्रमश्री र तत्कालीन कार्यकारी अधिकृत खगेन्द्र दाहालबीच घनिभुत छलफल चल्यो र ठोस गर्दै निश्कर्ष निकालियो: मुख्य चोकमा समयसूचक घण्टाघरसहितको प्रेस स्वतन्त्रता स्मारक निर्माण गर्ने, जसको पृष्ठभूमिमा ४ कोणको भित्तामा बाहुन क्षेत्रीको बालन, किरातीको साकेला, थारुको जितीया र दनुवारको रामदल नाचको मुर्ति (चित्र) निर्माण गर्ने अनि भुईमा तलाउ बनाएर बाछा सहितको गाईले पानी खाईरहेको ३२ फिट अग्लो वहुपहिचानयुक्त स्तम्भ बनाउने स्केच (नक्शा)सहित तयार गरेर नेपाल पत्रकार महासंघको अगुवाईमा काम गर्ने सहमति गर्दै सोही वर्षको बजेटबाट १२ लाख रकम बिनियोजन पनि भयो ।

तर, योजना कार्यान्वयन गर्नेबेला मन्त्रालयले टीके प्रतिनिधिलाई हटाएर सर्वदलीय दलीयमार्फत काम गर्ने नीति लागू गर्दै जिविस र नगरपालिका, गाविसमा सर्वदलीय संयन्त्र निर्माण भयो । तत्कालीन सवंदलीय संयन्त्र ( ठेकेदारहरु संलग्न)ले पहिचान सहिचानको कुरा नमान्ने, पत्रकार महासंघलाई काम गर्न नदिने आफै ठेक्कामार्फत स्तम्भ निर्माण गर्ने भनेपछि किचलो सुरु भयो, मलाई बिबादमा फस्नुको साटो हातै नहालौं भन्ने लाग्यो र महासंघ पछि हट्यो ।

पछि ठेकेदारहरु संलग्न दलीय संयन्त्रले २ अढाईलाख कति हो खर्चमा सामान्य गोलो चौतारो बनाएर १२ लाख भ्वाम पारेको सुनियो तर, म महासंघको भवन निर्माणमा व्यस्त भएकाले त्यतातिर धेरै ध्यान दिइन, उसै पनि नजाने गाउँको बाटो सोध्ने मेरा बानी छैन ।

नगरपालिकाले गाईघाटजस्तो मुख्य चोकमा सकेसम्म बहुल समुदायकै पहिचान, नसके ठाउँको पहिचानयुक्त एउटा स्तम्भ बनाउनु आश्यक छ । तर, अहिलेको जस्तो पहाडबाट झर्दै गरेको पानी गाईले खाएको डिजाईन एकपटिबाट हेर्दा मात्र देखिन्छ, जव कि चारै कोणबाट हेर्दा गाईले पानी खाएको देखियोस् जसले गाईघाटको असली पहिचान झल्किियोस्, त्यस्तो डिजाईन बन राम्रो हुन्छ । जनप्रतिनिधिको कार्यकाल अन्तिम अन्तिम भएका बेला हतारमा काम गरेर यश लिनेभन्दा दीर्घकालीन र भरपर्दो काम गर्नु उत्तम हुन्छ । झट्ट हेर्दा पनि डिजाईन त्यति आकर्षक देखिदैन, हुन त यस्ता डिजाईन र गुरुयोजना स्थानीयतहहरुमा कति बनेर दराजमा थन्किएका छन्, गर्न चाहेर पनि नसकेको नभ्याएको पनि हुनसक्छ त्यसैले आरोप मात्र लगाउने मेरो मनसाय पटक्कै छैन । काम गर्नुअघि सुझाव मागेको देखेर यति प्रतिक्रिया दिएको हुँ अन्यथा नलिनू ।







# बसाहा आमसाल माबिमा ई – लाईब्रेरी भवन निर्माण सम्पन्न

❖ महेन्द्र राई

*उदयपुर, जेठ ३१*

उदयपुर जिल्लाको पूर्वी चौदण्डीगढी नगरपालिका वडा नं.-३ स्थित आमसाल माध्यमिक बिद्यालयमा प्राविधिक शिक्षातर्फको लागि हालै दुईकोठे पक्की भवनको निर्माण कार्य सम्पन्न भएको छ।

कम्प्युटर कक्षा अन्तर्गत इ-लाइब्रेरी तथा ल्याब सञ्चालनको लागि उक्त भवनको निर्माण गरिएको विद्यालय प्रशासनले जनाएको छ। भवन निर्माण समितिका अध्यक्ष टेक बहादुर श्रेष्ठका अनुसार विश्व बैंकको २८ लाख अनुदानमा ४२फिट लम्बाइ र २८ फिट चौडाई रहेको भवन बनेको हो। गएको माघ महिनादेखि निर्माण सुरु गरिएको भबन को निर्माण काम अघिमात्र सकिएको निर्माण समितिका कोषाध्यक्ष मिना भुजेलले जानाकारी दिइन्।



भवन निर्माणसँगै विद्यार्थीहरुलाई अध्ययन गर्न सहज वातावरणमा शिक्षा आर्जन गर्न मद्दत मिल्ने सोही विद्यालयका प्रधानाध्यापक गगन श्रेष्ठले जनाए। आमसाल माबि बसाहामा ३ बर्षअघिदेखि कम्प्युटर बिषयमा डिप्लोमासम्मको पढाइ हुँदै आइरहेको छ।


पाण्डे श्री सप्लायर्स & ट्रेडर्स



त्रिनपा-११ गाईघाट, असारीरोड, लालिगुराक बोडिङ पूर्व काका हेटलसँगै जोडिएको
प्रोपाइटरः-**बिनोदकुमार पाण्डे**
सम्पर्कः- ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*




टंक श्रेष्ठ
वडाध्यक्ष
उदयपुरगढी गाउँपालिका वडा नं. -३ उदयपुर




कृष्ण खत्री
वडाध्यक्ष

रितेश मगर
सचिव

उदयपुरगढी गाउँपालिका वडा नं. -६ उदयपुर



**अन्तिम बर्षे मकै खेती ।** त्रियुगा नगरपालिका १० बोक्से उदयपुरका कृषक जेठको अन्तिममा वर्षे मकै छर्दै । अहिले किसानको खेतबारीमा मकै पाकिसकेका छन् । यी कृषक भने अहिले अन्तिम बर्षे मकै छर्दैछन् । *तस्बिरहरु – बुद्धि कुमार राई*





# २०४५ साल मंसिर १ गतेदेखि निरन्तर ग्राहकको सेवामा

# बिके किराना पसल

३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहक को सेवामा

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।

सम्पर्क - ९८६८१९८५२४,
९८०२३१५२९६





माझखर्क साप्ताहिकको सह-प्रकाशन.. मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः – ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट